त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
परीक्षा नियन्त्रण महाशाखा
EXAMINATION CONTROL DIVISION

Chakupat, Lalitpur, Nepal
Tel. 977-5260636, 5260716
Fax: 977-1-5260129
ecd@ioe.edu.np, www.exam.ioe.edu.np
चाकुपाट, ललितपुर, नेपाल
फोन: ५२६०६३६, ५२६०७१६
फ्याक्स: ५२६०१२९

पत्र संख्याः च.नं.१४ २०७७।०७८ मितिः २०७७।०४।१५

विषयः परीक्षा सम्वन्धी जरुरी सूचना ।

कोभिड - १९ (कोरोना भाइरस) विश्व महामारीको जोखिमका कारणले मिति २०७६।१२।११ गतेदेखि भएको वन्दा वन्दी (Lock down) नेपाल सरकारद्वारा मिति २०७७।०४।०६ गतेदेखि अन्त्य भएको र त्रि.वि. कार्यकारी परिषदको मिति २०७७।०४।०६ गतेको निर्णयानुसार नेपाल सरकारले निषेध गरेका कार्यहरु वाहेक पठन पाठन, पुस्तकालय संचालन लगायतका कार्यहरु संचालन गर्ने गरी विश्वविद्यालयका सवै क्याम्पस, विभाग तथा अन्य कार्यालयहरु नेपाल सरकारको स्वास्थ्य निर्देशिका पालना गरी सुचारु गर्ने निर्णय भएको विदितै छ । साथै २०७७ भाद्र १ गतेदेखि लामो दुरीका यातायात संचालन हुने र स्थगन भएका परीक्षाहरु पनि संचालन गर्ने नेपाल सरकारको निर्णय अनुरुप इन्जिनियरिङ्ग अध्ययन संस्थानले २०७६।१२।०६ गतेदेखि स्थगित भएका स्नातक र स्नातकोत्तर तहका परीक्षाहरु २०७७ भाद्र महिनादेखि संचालन हुने सूचना मिति २०७७।०४।०७ गते प्रकाशन भएपश्चात प्राध्यापक, कर्मचारी, विद्यार्थीहरु लगायत अन्य सरोकारवालाहरु सँग छलफल गर्दै परीक्षा नियन्त्रण महाशाखाले परीक्षा सम्वन्धी कार्यहरु अघि वढाएको छ ।

**हालको परिस्थितिमा सुधार हुँदै गएमा र विषम परिस्थिति नआएमा** स्नातक तहको परीक्षा २०७७ भाद्र **अन्तिम हप्तावाट** र स्नातकोत्तर तहको परीक्षा २०७७ भाद्र **तेश्रो हप्तावाट** नेपाल सरकारको स्वास्थ्य निर्देशिकाको पूर्ण पालना गर्दै संचालन गरिने कुरा सम्वन्धित सवैमा सूचित गरिन्छ । परीक्षा सम्वन्धी विस्तृत कार्यक्रम स्नातक तहको हकमा परीक्षा हुनुभन्दा ३० दिन पहिले र स्नातकोत्तर तहको हकमा २० दिन पहिले यस महाशाखाको Website: www.exam.ioe.edu.np मा प्रकाशित गरिनेछ ।

सहायक डीन